बारपाक सुलिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताकुकोट, गोरखा

फोन न -064691177
इमेल barpaksulikotrm@gmail.cc

पत्र.सं.०७७।७८
चलानी नं.

मिति : २०७७।०५।०२२

बारपाक सुलिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताकुकोट, गोरखा
गण्डकी प्रदेश, नेपाल

# सूचना । सूचना ॥ सूचना ॥।

प्रस्तुत विषयमा यस बारपाक सूलिकोट गाउपालीकाको कोरोना संकट व्यवस्थापन समितिको मिति २०७७।०५।२१ गतेको बैठकले तपसिल बमोजिमको निर्णय गरेको हुनाले सोहि अनूरुप गर्नु गराउनुहुन बारपाक सूलिकोट गाउपालीकाबासीमा सादर अनूरोध गरिन्छ ।

निर्णयहरु :

निर्णय नं. १ यस बारपाक सुलिकोट गाउपालीका भित्र समुदायमा कोरोनाको संक्रमणको अबस्था कस्तो रहेको छ भनी यस अधि देउरालीमा गरिएको नमूना परिक्षणको प्रभाव सकारात्मक देखिएकोमा अब त्यस्तो प्रकारको परिक्षण यस पालीकाभित्रका क्रमश पाल्खु सौरपानी तथा बारपाक जस्ता क्षेत्रमा गर्ने निर्णय गरियो ।

निर्णय नं. २ कोरोनाको संक्रमण बढिरहेको अवस्थामा यस बारपाक सुलिकोट गाउपालीका क्षेत्रभित्र सदरमूकाम लगायत कोरोनाको उच्च जोखिम रहेको स्थान बाट आउने व्याक्तिहरुको हकमा निजका घर वरिपरिका बासिन्दाको सहमति आधारमा होम क्वारेन्टाइनमा रहने गरि वडा कार्यालय मार्फत अनुमति दिन सक्ने निर्णय गरियो साथै उनिहरुको अभिलेख वडा कार्यालयले राख्ने निर्णय गरियो ।

निर्णय नं. ३ यस गाउपालीका भित्र रहेका सूर्यज्योति मावि, हिमालय मावि, तथा शैलपुत्री मावि मा शौचालय तथा खानेपानी र सरसफाइको राम्रो प्रबन्ध गर्ने साथै लाकूरीबोटमा रहेको आरसियुपि भवनलाई मर्मत गरी क्वारेन्टाइनको लागि तयार गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ यस पालीका क्षेत्र भित्र रहेका विद्यालयका शिक्षकहरुलाई वडा कार्यालयको समन्वयमा आवश्यकता अनुसार परिचालन गर्ने निर्णय गरियो

विष्णु प्रसाद भट्ट

(अध्यक्ष)

**विष्णु प्रसाद भट्ट**
**अध्यक्ष**